मधेश प्रदेश सरकार
# खेलकुद तथा समाजकल्याण मन्त्रालय
मधेश प्रदेश, जनकपुधाम

Ph: 041-591715
Email: info.mossw@madhesh.gov.

प.सं.:
च.नं.:

## खेलकुद तथा समाजकल्याण मन्त्रालय मधेश प्रदेशको समाज कल्याण सँग सम्बन्धीत विभिन्न कार्यक्रम संचालन गर्न गैर सरकारी संघ संस्थाहरुलाई प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२/०२/१७)

यस मन्त्रालयको चालू आ.व. २०८१/०८२ का लागि स्वीकृत कार्यक्रम अन्तर्गत समाज कल्याण सँग सम्बन्धीत विभिन्न कार्यक्रम संचालन गर्नुपर्ने भएकोले उक्त क्षेत्रमा अनुभवी एवं विशेषज्ञता हासिल गरेका, प्रचलित कानून बमोजिम दर्ता भएका र सार्वजनिक खरिद नियमावली २०६४ (छैठो संसोधन) को नियम १८ बमोजिमको मौजुदा सुचिमा समावेश भएका गैरसरकारी संस्थाहरुका लागि सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९९(२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस मन्त्रालयमा प्रस्ताव पेश गर्नहुन सूचित गरिन्छ।

### कार्यक्रम सञ्चालन गर्न प्रस्तावना माग गरिएका कार्यक्रमहरू

### अपाङ्गताको क्षेत्र सँग सम्बन्धित कार्यक्रम

१. अपाङ्गता भएका व्यक्तिहरुका अभिभावकहरुलाई अपाङ्गता प्रतिको सहारात्मक सोच अथवा सामाजिक व्यवहार परिवर्तन सम्वन्धी (१ दिन) अभिमुखिकरण
२. बहिरा अपाङ्गता भएका व्यक्तिहरुका अभिभावकहरुलाई आधारभूत साँकेतिक दोभासे तालिम (७ दिने)
३. अपाङ्गता (दृष्टिविहिन) भएका व्यक्तिहरुलाई सिपमूलक तालिम (७ दिने)

### बालबालिका सँग सम्बन्धीत कार्यक्रम

१. बालश्रम मुक्त स्थानीय तह घोषणा कार्यविधि सम्बन्धी (१ दिने) अभिमुखिकरण

मधेश प्रदेश सरकार
# खेलकुद तथा समाजकल्याण मन्त्रालय
मधेश प्रदेश, जनकपुधाम

Ph: 041-591715
Email: info.mossw@madhesh.gov.

प.सं.:
च.नं.:

## बालिका/ किशोरीहरू सँग सम्बन्धित कार्यक्रम

१. महिला तथा बालबालिकाको संरक्षणका लागि अनलाइन सुरक्षा (साइवर क्राईम) सम्बन्धी (१ दिने) अभिमुखिकरण (स्थानिय तहमा)

## लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणको विषय सँग सम्बन्धित कार्यक्रम

१. बालविवाह, दाइजो, छुवाछुत र महिला हिंसाविरुद्ध प्रदेशस्तरीय कार्यक्रम

२. उद्यमशिलता तालिम लिएका सिमान्तकृत समुदायका महिलाहरूलाई आय आर्जन सम्बन्धी सीपमूलक तालिम (वस्तुगत टेवा सहित) १० दिने तालिम

## यौनिक तथा लैङ्गिक अल्पसंख्यक सँग सम्बन्धीत कार्यक्रम

१. यौनिक तथा लैंगिक अल्पसंख्यकका सवाल सम्बन्धी जनचेतना तथा वकालत कार्यक्रम (१ दिने अभिमुखिकरण)

## ज्येष्ठ नागरीक सँग सम्बन्धित कार्यक्रम

१. जिल्ला ज्येष्ठ नागरिक संघको अन्तरक्रिया कार्यक्रम (१ दिने)

२. ज्येष्ठ नागरिक अन्तर प्रदेश धार्मिक स्थल भ्रमण (तीर्थाटन) कार्यक्रम (५ दिने)

## प्रस्तावसंग पेश गर्नु पर्ने कागजातहरुको प्रमाणीत प्रतिलिपि

१. नियमानुसार सरकारी निकायमा दर्ता तथा नवीकरण भएको प्रमाणपत्र,
२. आन्तरिक राजश्व कार्यालयबाट जारी भएको पान नं.(PAN no) ,
३. मु.अ.कर दर्ता प्रमाणपत्र वा कर छुट प्रमाणपत्र,
४. आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र,
५. संस्थाको विधान,

६. संस्थाको प्रोफाईल,

७. विगत तीन बर्षको लेखा परीक्षण प्रतिवेदन,

८. कार्यक्रमको प्रस्ताव र अनुमानित लागत (संलग्न ढाँचा अनुसार)

९. संस्था कालोसूचीमा नपरेको व्यहोरा संस्था प्रमुखले स्वंय घोषणा गरेको पत्र,

१०. संस्थाको विधानको उद्देश्यमा भएको विषय क्षेत्रमा मात्र संस्थाले प्रस्ताव पेश गर्नुपर्ने,

११. प्रस्ताव पेश गरेको विषय क्षेत्रमा कम्तिमा ५ बर्ष काम गरेको अनुभवको विवरण (संचालित कार्यक्रम र बजेट समेत),

१२. अपाङ्गता, ज्येष्ठ नागरीक, यौनिक तथा लैङ्गिगक अल्पसंख्यक सम्बन्धी कार्यक्रमको हकमा सम्बन्धीत वर्गले र महिला सम्बन्धी कार्यक्रमको हकमा महिलाले स्थापना र सञ्चालन गरेको संस्थालाई प्रथमिक्ता दिईने,

१३. संस्थाले प्रस्ताव पेश गर्दा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन अर्थात २०८२/०२/३१ गते सम्म कार्यालय समयभित्र प्रस्ताव पेश गर्नु पर्नेछ। उक्त दिन बिदा परेमा कार्यालय खुलेको दिन कार्यालय समय भित्र प्रस्ताव दर्ता हुनु पर्नेछ,

१४. यस सूचना बमोजिम प्रस्ताव पेश गर्ने प्रस्तावक संस्थाले कुनै दुई वटा कार्यक्रमको लागि मात्र प्रस्ताव पेश गर्न पाउने छ ।साथै, प्रस्तावमा संस्थाले काम गर्न चाहेको जिल्ला खुलाउनु पर्नेछ ।

१५. उपरोक्त अनुसारको सबै कागजातहरू पेश नगरेको संस्थाको प्रस्तावनालाई छनौट प्रकृयामा सहभागि गराईने छैन ।

१६. संस्थाले प्रस्ताव पेश गर्दा शिलबन्दी गरी कागजात पेश गर्नु पर्नेछ । दर्ता भएका सबै प्रस्तावहरु प्रस्ताव बुझाउने अन्तिम दिनको भोलिपल्ट मन्त्रालयका प्रतिनिधि र प्रस्तावदाताका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ (उक्त दिन बिदा परेमा कार्यालय खुलेको दिन) र प्रस्तावदाता अनुपस्थित भएमा प्रस्ताव खोल्न मन्त्रालयलाई बाधा पर्ने छैन।

१७. कुनै प्रकारको द्विविधा वा समस्या आएमा मन्त्रालयको निर्णय अन्तिम हुनेछ ।

मधेश प्रदेश सरकार
खेलकुद तथा समाजकल्याण मन्त्रालय
मधेश प्रदेश, जनकपुरधाम

प.सं.:
च.नं.:

Ph: 041-591715
Email: info.mossw@madhesh.gov.

## प्रतिवेदन र भुक्तानीका शर्तहरूः

कार्यक्रम सञ्चालन पछि संस्थाले विस्तृत प्रतिवेदन (देहायका कागजातहरू संलग्न राखि ) मन्त्रालयमा पेश गर्नुपर्नेछः-

देहाय

१. कार्यक्रमको फोटो,

२. हाजीरी, उपस्थिती खुल्ने विवरण,

३. सीप विकास तालिम र भ्रमण कार्यक्रमका सहभागिहरूको नागरिकताको प्रतिलिपी,

४. प्रशिक्षकको शैक्षिक योग्यता, तालिम र अनुभव प्रमाणित हुने काजगातको प्रतिलिपी,

५. सहभागिको पृष्ठपोषण सहितको प्रतिवेदन,

६. प्रशिक्षकको पारिश्रमीक, सीप मुलक कार्यक्रमको टेवा रकम, कार्यक्रम सञ्चालन सम्बन्धी खर्च (जस्तै खाजा/खाना, हल) वा होटेलमा सञ्चालन गरेको कार्यक्रमको हकमा होटेलको विल आदि बैंङ्कीग प्रणालीबाट भुक्तानी गरेको कागजात,

७. संस्थाले कार्य सम्पन्न भए पश्चयात कार्य सँग सम्बन्धित प्रमाण खुल्ने प्रमाणीत कागजात प्रतिवेदन सहित बिल भरपाई पेश गर्नुपर्ने छ ।पेश गरेको विल भरपाई सम्झौतामा उल्लेख भएको रकमको अधिनमा रहि प्रचलित कानून बमोजिम करकट्टी गरी भक्तानी गर्न सकिन्छ ।

८. VAT बिल (कर कट्टी लगायत अन्य विषयहरू सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम हुनेछ) ।

मधेश प्रदेश सरकार
खेलकुद तथा समाजकल्याण मन्त्रालय
मधेश प्रदेश, जनकपुरधाम

Ph: 041-591715
*Email: info.mossw@madhesh.gov.*

प.सं.:
च.नं.:

प्रस्तावको ढाँचा

१. प्रस्ताव पेश गर्ने संस्था/सङ्गठनको विवरणः

- संस्थाको नामः
- दर्ता नं. र मितिः
- दर्ता जिल्लाः
- संस्था सम्बन्धित निकायमा नवीकरण भएको मितिः
- ठेगाना (मुख्यालय):
- सम्पर्क व्यक्ति र नम्बरः
- ईमेल/वेबसाइटः

२. कार्यक्रमको नामः
३. सञ्चालन गर्ने जिल्लाः

४. प्रस्तावित कार्यक्रमको उद्देश्यः

५. लक्षित समूहः

६. कार्यक्रम सञ्चालन विधिः

७.कार्यक्रम सञ्चालनको योजनाः

८. कार्यक्रम सञ्चालनमा संलग्न हुने जनशक्तिको विवरण

९. कार्यान्वयन समय तालिकाः

१०. प्रस्तावित लागतः
(संस्थाले अनुमानित खर्चको लागत तयार गर्दा प्रदेश खर्च मापदण्ड निर्देशिका २०८० अनुसार गर्नु पर्नेछ)

११.समन्वय र सहकार्यका पक्षहरूः

१२. विगतमा सञ्चालन गरिएका यस्तै कार्यक्रमहरूको अनुभवः

# कार्यक्षेत्रगत शर्त

## अपाङ्गताको क्षेत्र सँग सम्बन्धित कार्यक्रम

१. कार्यक्रमको नाम :अपाङ्गता भएका व्यक्तिहरुका अभिभावकहरुलाई अपाङ्गता प्रतिको सहारात्मक सोच अथवा सामाजिक व्यवहार परिवर्तन सम्वन्धी १ दिने अभिमुखिकरण

२. पृष्ठभूमि

नेपालमा अपाङ्गता भएका व्यक्तिहरु अझै पनि सामाजिक पूर्वाग्रह, भेदभाव र निषेधको शिकार भइरहेका छन्। जसले उनीहरूको जीवनस्तरमा प्रतिकूल असर पार्ने गरेको छ। अभिभावकहरूको सोच र व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन सकेमा अपाङ्गता भएका व्यक्तिहरुको सामाजिक समावेशिता, आत्मविश्वास र जीवनस्तरमा उल्लेखनीय सुधार ल्याउन सकिन्छ।

अपाङ्गता भएका व्यक्तिहरुका अभिभावकहरुलाई अपाङ्गता प्रतिको सहारात्मक सोच र सामाजिक व्यवहार परिवर्तन सम्बन्धी तालिम सञ्चालन गर्नुको उद्देश्य सामाजिक दृष्टिकोण परिवर्तन गर्नु पनि हो।

३. तालिमको आवश्यक्ता

सामाजिक दृष्टिकोणमा परिवर्तन ल्याउनः समुदाय स्तरमा अझै पनि अपाङ्गता प्रतिको धारणा सकारात्मक पाइदैन। अभिभावकहरू स्वयंले पनि यस्तो सोच बोकेका हुनसक्छ । तालिमले यस्तो सोचलाई चुनौती दिई सकारात्मक र समावेशी सोच विकास गर्न सहयोग गर्छ। अपाङ्गता भएका व्यक्तिको जीवनमा अभिभावकको भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ। उनीहरूले प्रदान गर्ने माया, शिक्षा, उपचार, अवसर र सामाजिक पहुँच नै व्यक्तिको भविष्य निर्माणमा निर्णायक हुन्छ।

व्यवहार परिवर्तन मार्फत समावेशी समाज बनाउनः स्कूल, स्वास्थ्य संस्था, सार्वजनिक स्थलहरूमा अझै पनि अपाङ्गता भएका व्यक्तिहरूलाई हेर्ने दृष्टिकोणमा सुधार ल्याउन सकिएको छैन। यसमा सुधार ल्याउन अभिभावक स्वयंले नेतृत्व लिनुपर्छ। तालिमले अभिभावकहरूलाई सामाजिक एजेण्ट (Change Agent) को रूपमा प्रस्तुत गर्न सघाउँछ। धेरै अभिभावकहरू आ-आफ्नो पीडा र चुनौती एक्लै भोगिरहेका हुन्छन्। त्यसलाई साझा बनाउन, हौसला दिन पनि तालिमले एउटा साझा प्लेटफर्म प्रदान गर्दछ।

सरकारी नीति कार्यान्वयनमा सहयोग पुऱ्याउन: नेपालको मौजुदा कानूनी व्यवस्था र अन्तर्राष्ट्रिय सन्धिहरू (जस्तै CRPD) ले अपाङ्गता भएका व्यक्तिको अधिकारलाई सुनिश्चित गरेको छ। तर यसलाई व्यवहारमा न अभिभावकहरूको सकृय भूमिका अपरिहार्य हुन्छ।

४. तालिमको उद्देश्य

१. अपाङ्गता प्रतिको सकारात्मक सोचको विकास गर्नु।
२. सामाजिक व्यवहारमा परिवर्तन ल्याउन अभिभावकलाई सक्षम बनाउनु।
३. अपाङ्गता भएका व्यक्तिको अधिकार र सम्भावनाको पहिचान गराउनु।
४. समावेशी समाज निर्माणमा अभिभावकको भूमिका स्पष्ट पार्नु।

५. तालिमका प्रमुख विषयवस्तुहरू

- अपाङ्गताः परिचय, किसिमहरू, कारण र प्रभाव
- अपाङ्गता प्रतिको सामाजिक दृष्टिकोण र मिथकहरू
- अधिकार केन्द्रित दृष्टिकोण (Rights-based approach)
- परिवार र समुदायमा सहारात्मक सोच विकास
- सामाजिक समावेशीकरण र व्यवहार परिवर्तनका उपायहरू
- संचार कौशल र अभिभावकको भूमिका

६. अपेक्षित परिणामहरूः

- अभिभावकहरूमा अपाङ्गता प्रतिको धारणा र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुनेछ ।
- सामाजिक समावेशी अभ्यासमा अभिभावकको सहभागिता वृद्धि भएको हुनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरु प्रति सम्मानपूर्ण व्यवहारमा वृद्धि भएको हुनेछ ।

७. तालिमको गुण्स्तर

<u>समयावधी र स्थान</u>

- <u>समयः</u> १ दिने कार्यक्रम (विहान १० बजे देखी बेलुका ४ बजे सम्म)

२०८२।०२।१५

- <u>स्थानः</u> मधेश प्रदेशको आठ जिल्लाको सहभागिहरूलाई पायक पर्ने गरी विभिन्न स्थानमा कार्यक्रम सञ्चालन गरीने छ । प्रति कार्यक्रम ४० जनाको दरले सहभागि गराउनु पर्नेछ ।स्थान छनौट गर्दा पहुँच योग्य स्थान र भौतिक सुविधा सुनिश्चित गर्नुपर्ने छ ।

<u>आवश्यक जनशक्ति</u>

१. कार्यक्रम सयोजक १ जना
२. सहयोगी कर्मचारी १ जना
३. प्रशिक्षक २ जना
४. प्रतिवेदक १ जना

<u>सहभागि छनौट</u>

१. अपाङ्गता भएका व्यक्तिहरुका अभिभावक वुवा वा आमा वा संरक्षक
२. अपाङ्गता भएका व्यक्तको हेरचारमा प्रत्येक्ष सहभागि भएका बुबा वा आमा वा संरक्षक मध्ये एक जनालाई सहभागि गराउनु पर्नेछ ।
३. विशेष रूपमा एकल महिला, गरिब तथा सीमान्तकृत समुदायका अभिभावकहरूलाई प्राथमिकता दिनु पर्नेछ ।

<u>प्रशिक्षक छनौटका आधार</u>

शैक्षिक योग्यता/अनुभवः

- समाजशास्त्र, मानव अधिकार वा मनोविज्ञान सम्बन्धी विषयमा न्यूनतम स्नातक तह उर्तिण गरेको।
- अपाङ्गता सम्बन्धी कार्य क्षेत्रमा कम्तिमा ३ वर्षको प्रत्यक्ष अनुभव भएको।
- सामाजिक व्यवहार परिवर्तन वा BCC (Behavior Change Communication) मा तालिम लिएको र सञ्चालन गरेको अनुभव।

<u>सीप र दक्षता:</u>

- सहभागीतामूलक तालिम सञ्चालनमा दक्ष,

- स्थानीय भाषा र संस्कृतीको राम्रो ज्ञान भएको,
- अपाङ्गता प्रति सकारात्मक दृष्टिकोण र समावेशी सोच भएको,
- अपाङ्गता सम्बन्धी क्षेत्रमा कम्तिमा ३ वर्षको प्रत्यक्ष कार्य अनुभव भएको,
- प्रशिक्षकको छनौट गर्दा अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकता ।

तालिम पूर्व तयारीको गुणस्तरः

- सहभागीहरूको सामाजिक पृष्ठभूमि, अपाङ्गता प्रतिको सोच, र व्यवहार बुझेर तालिमको विषयवस्तु तय गर्नुपर्ने ।
- तालिम सामग्री स्थानीय भाषामा, बुझ्न सजिलो, चित्र/दृश्ययुक्त सामग्री प्रयोग गर्नुपर्ने ।

व्यवस्थापकीय गुणस्तरः

- तालिम स्थानको छनौटः आवश्यक सुविधा सहितको तालिम हलको व्यवस्था (पंखा, बत्ती/बैकअप, पिउने पानी, खाजा, खाना आदि) गर्ने,
- सूचना सम्प्रेषणः समयमै जानकारी दिने (आमन्त्रण पत्र/फोन/इमेल), स्पष्ट समय र स्थान उल्लेख गर्ने,
- आवश्यक सामाग्रीः आवश्यक कागजपत्र, लेखन सामग्री, फ्लिप चार्ट, रजिस्ट्रेसन फारम आदि तयार गर्ने,
- प्राविधिक तयारीः प्रोजेक्टर, ध्वनि प्रणाली, बोर्ड/मार्कर, न्यूज प्रिन्टको सुनिश्चितता गर्ने।
- खाना खाजाको व्यवस्था गर्दा सफा र पोषणयूक्त व्यवस्था गर्ने ।

१. कार्यक्रमको नामः अपाङ्गता (दृष्टिविहिन) भएका व्यक्तिहरुलाई सीपमूलक तालिम २० जना

२. पृष्ठभूमि

नेपालमा दृष्टिविहिन व्यक्तिहरूले रोजगारीको प्राप्ती, आत्मनिर्भरता, र सामाजिक सहभागितामा विभिन्न चुनौतीहरूको सामना गरिरहेका छन्। सीमित रोजगारीका अवसर र उत्पादन मूलक सीप र क्षमताको अभावका कारण आत्मनिर्भर बन्न कठिनाइहरुको सामना गरिरहेका छन्।

न्यूनतम लगातमा घरमै बसेर तयार गर्न सकिने र बजारमा माग भएको उत्पादनका बस्तुहरूको उत्पादन सम्बन्धी सीप प्रशिक्षण मार्फत दृष्टिविहिन व्यक्तिहरूलाई आत्मनिर्भर बनाउन यो तालिम कार्यक्रम केन्द्रित रहेको छ ।

३ .तालिमको आवश्यक्ता

दृष्टिविहिन व्यक्तिहरूका लागि उपयुक्त रोजगारीका अवसर निकै सीमित छन्। औपचारिक शिक्षा, पहुँचयुक्त कार्य वातावरणको अभाव र सामाजिक पूर्वाग्रहका कारण उनीहरू आत्मनिर्भर बन्नबाट बञ्चित भएका छन्। यस्तो अवस्थामा घरमै गर्न सकिने र न्यून लगानीमा सुरु गरी बजारको माग अनुसार उत्पादन गर्न सकिने सीप मूलक तालिम दृष्टिविहिन व्यक्तिहरूलाई उपयुक्त हुनसक्ने छ।

४. उद्देश्यहरू

- दृष्टिविहिन व्यक्तिहरूको सशक्तिकरणका लागि उत्पादन मूलक सीप प्रदान गर्नु ।
- आत्मनिर्भर बनाउनु वा रोजगारीको अवसरमा पहुँच सुनिश्चित गर्नु ।
- समावेशी, पहुँचयुक्त तालिम प्रविधिको प्रयोग गर्दै सीप हस्तान्तरण गर्नु ।
- समाजमा दृष्टिविहिन व्यक्तिहरूप्रति सकारात्मक दृष्टिकोण विकास गर्नु ।
- घरेलु स्तरमै आय-आर्जन गर्न मिल्ने सीपको प्रवर्धन गर्नु ।
- स्थानीय बजारसँग जोड्ने र उत्पादनको ब्रान्डिङ गर्ने सम्भावना निर्माण गर्नु ।

## ५. तालिमको गुणस्तर

सहभागिको छनौट आधार

- १८ वर्षभन्दा माथिका दृष्टिविहिन व्यक्ति
- विशेष रूपमा एकल महिला, महिला, गरिब तथा सीमान्तकृत समुदायका दृष्टिविहिन व्यक्तिहरूलाई प्राथमिकता ।
- दैनिक क्रियाकलापमा केही हदसम्म सकृय व्यक्ति।
- तालिममा निरन्तर सहभागिता दिन सक्ने व्यक्ति।

प्रशिक्षकको योग्यता

- शैक्षिक योग्यता १२ कक्षा उत्रिण वा सो सरह,
- साना घरेलु उद्योग सम्बन्धी तालिम दिन तालिम प्राप्त व्यक्ति,
- सम्बन्धीत विषयको तालिम लिएको र तालिम प्रदान गर्ने गरेको कम्तिमा ३ बर्षको अनुभव भएको,
- अपाङ्गता–मैत्री तवरले तालिम दिने सक्ने अनुभवी प्रशिक्षक,
- दृष्टिविहिनहरू सँग काम गरेको अनुभव भएको,
- स्थानीय भाषाको ज्ञान र सरल संप्रेषण क्षमता सम्पन्न व्यक्ति,
- सहनशील र धैर्ययुक्त व्यवहार भएको व्यक्ति ।

आवश्यक जनशक्ति

- कार्यक्रम सयोजक १ जना
- सहयोगी कर्मचारी १ जना
- मुख्य प्रशिक्षक १ जना
- सहायक प्रशिक्षक १ जना
- प्रतिवेदक १ जना

तालिमको विषयवस्तु

- दृष्टिविहिन व्यक्तिहरूद्वारा सञ्चालित संस्थाहरूबाट प्राप्त प्रस्तावहरूमा आधारीत भएर विषय वस्तुको छनौट गरिने छ ।

<u>तालिम अवधि र स्थानः</u>

- अवधिः ७ दिने (५ घण्टा प्रति दिन)
- स्थानः पहुँच युक्त तालिम स्थल (दृष्टिविहिन व्यक्तिहरूकालागि अनुकूल पूर्वाधार भएको)

<u>व्यवस्थापकीय गुणस्तरः</u>

- तालिम स्थानको छनौटः अपाङ्ग मैत्री सुविधा सहितको तालिम हलको व्यवस्था (पंखा, बत्ती/बैकअप, पिउने पानी, खाजा, खाना आदि)
- सूचना सम्प्रेषणः समयमै जानकारी दिने (आमन्त्रण पत्र/फोन/इमेल), स्पष्ट समय र स्थान उल्लेख।
- आवश्यक सामाग्रीः तालिममा सीपको अभ्यास गर्न आवश्यक तालिम सामाग्रीको सुनिश्चितता गर्ने ।
- खाना/खाजाः खाना/ खाजाको व्यवस्था गर्दा सफा र पोषणयूक्त खानेकुराको व्यवस्था गर्ने ।

**तालिमको सिकाइ विधिः**

- व्यवहारिक अभ्यासमा केन्द्रित तालिम
- स्पर्शमा आधारित अभ्यास
- प्रशिक्षकद्वारा step-by-step अभ्यास, प्रत्येक सहभागीलाई निगरानी र सहयोग
- प्रशिक्षक/सहयोगी व्यक्तिले समान ध्यान र धैर्यका साथ सिकाउने

६.अपेक्षित उपलब्धि

- कम्तीमा ८०% सहभागीले सीप प्राप्त गरी आत्मनिर्भर बन्ने आधार तयार हुनेछ।
- सहभागीहरूमा आत्मविश्वास, सामाजिक सहभागिता र रोजगारीको सम्भावना वृद्धि हुनेछ ।
- समुदायमा समावेशी दृष्टिकोणको विकास हुनेछ ।
- घरमै सानो व्यवसाय सुरु गर्न सक्ने अवस्थाको सिर्जना हुनेछ ।

- समुदायमा दृष्टिविहिन व्यक्तिको सीप र क्षमता प्रति सकारात्मक दृष्टिकोण विकास हुनेछ ।

७. सिकाइको मूल्याङ्कन :

- सहभागीहरूले बनाएका सामाग्रीको गुणस्तरीयता, स्वायत्तताका आधारमा मूल्याङ्कन ।
- दैनिक प्रगति रिपोर्ट (simple verbal progress tracking) ।

१. कार्यक्रमको नाम :बहिरा अपाङ्गता भएका व्यक्तिहरुका अभिभावकहरुलाई आधारभूत साँकेतिक दोभासे तालिम ७ दिने

२. पृष्ठभूमि

बहिरा अपाङ्गता भएका व्यक्तिहरूले दैनिक जीवनमा सम्पर्क र सञ्चारमा ठूलो चुनौती भोगिरहेका हुन्छन् । विशेष गरी परिवार भित्रको सञ्चार अभावले उनीहरूको दैनिकी सम्ममा असर पुगिरहेको हुन्छ। त्यसैले, अभिभावकहरुलाई साँकेतिक भाषा सिकाउन सके परिवारका बहिरा सदस्यहरूसँगको सञ्चार सहज बनाउन सकिन्छ ।

३. तालिमको औचित्यहरू:

१. **सञ्चारमा सुधारः** अभिभावक र बहिरा व्यक्तिहरूबीचको दैनिक सञ्चार सहज र प्रभावकारी बनाउन ।
२. **शिक्षामा सहयोगः** शैक्षिक प्रक्रिया र सिकाइमा अभिभावकको सहयोग प्रभावकारी बनाउन ।
३. **दिगो प्रभावः** तालिमबाट प्राप्त सीपहरू दीर्घकालसम्म प्रयोग गर्न मिल्ने र अन्य सदस्यहरूलाई पनि सिकाउन सकिने हुँदा प्रभाव दिगो हुने ।
४. **समुदायमा सकारात्मक सन्देशः** बहिरा व्यक्तिहरूप्रति समाजको दृष्टिकोण परिवर्तन गर्न अभिभावकहरू सशक्त माध्यम बन्ने ।

४. तालिमको उद्देश्य

- बहिरा अपाङ्गता भएका व्यक्तिहरुका अभिभावकहरूलाई नेपाली साँकेतिक भाषाको आधारभूत ज्ञान प्रदान गर्नु।
- परिवार भित्रको सञ्चारमा सहजता ल्याउनु।
- बहिरा व्यक्तिहरूको सामाजिक समावेशीकरण र आत्मनिर्भरताको विकासमा सहजिकरण गर्नु ।

५. मुख्य विषयवस्तुहरू

- साँकेतिक भाषाको परिचय,
- वर्णमाला, संख्याहरू,
- दैनिक प्रयोग हुने शब्दहरू,
- अभिवादन, परिवार, समय, रंग, खाना, स्वास्थ्य आदिसँग सम्बन्धित संकेतहरू,

- दुई वा बढी शब्दयुक्त वाक्य संरचना,
- संवाद अभ्यास र खेलात्मक सिकाइ,
- अन्तिम दिन सामूहिक अभ्यास र मूल्यांकन ।

६. तालिमको गुण्स्तर

समयावधी र स्थान

- <u>समयः</u> ७ दिने तालिम (विहान १० देखी बेलुका ४ बजे सम्म)
- सहभागी संख्याः ३० जना (बहिरा व्यक्तिहरूका अभिभावकहरू)
- <u>स्थानः</u> प्रदेश भित्रको कुनै एक स्थानमा।

आवश्यक जनशक्ति

१. कार्यक्रम सयोजक १ जना

२. सहयोगी कर्मचारी १ जना

३. प्रशिक्षक २ जना

४. प्रतिवेदक १ जना

<u>सहभागि छनौटः</u>

१. बहिरा अपाङ्गता भएका व्यक्तिहरुका अभिभावक वुवा वा आमा वा संरक्षक ।

२. बहिरा अपाङ्गता भएका व्यक्तको हेरचारमा प्रत्येक्ष सहभागि भएका बुबा वा आमा वा संरक्षक मध्ये एक जना ।

३. विशेष रूपमा एकल महिला, गरिब, दलित तथा सीमान्तकृत समुदायका व्यक्तिहरूलाई प्राथमिकता।

<u>प्रशिक्षक छनौटका आधारः</u>

प्रशिक्षकको योग्यता

- न्यूनतम १२ कक्षा वा सो सरह उर्तिण गरेको,
- मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणित नेपाली साँकेतिक भाषा प्रशिक्षण लिएको,

- अनुभवी र  नेपाली सांकेतिक भाषा (Nepali Sign Language) प्रशिक्षणमा दक्ष,
- बहिरा समुदायसँग प्रत्यक्ष कार्य अनुभव, दोभासेको रूपमा काम गरेको पृष्ठभूमि र शिक्षण क्षमता सम्पन्न,
- अपाङ्गता सम्बन्धी कार्य क्षेत्रमा कम्तिमा ३ वर्षको प्रत्यक्ष अनुभव,
- स्थानीय भाषा र संस्कृतीको राम्रो ज्ञान भएको,
- अपाङ्गता प्रति सकारात्मक दृष्टिकोण र समावेशी सोच भएको,
- प्रशिक्षक छनौटमा अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकता ।

<u>व्यवस्थापकीय गुणस्तर:</u>

- तालिम स्थानको छनौटः आवश्यक सुविधा सहितको तालिम हलको व्यवस्था (पंखा, बत्ती/बैकअप, पिउने पानी, खाजा, खाना आदि)
- सूचना सम्प्रेषणः समयमै जानकारी दिने (आमन्त्रण पत्र/फोन/इमेल), स्पष्ट समय र स्थान उल्लेख।
- आवश्यक सामाग्रीः आवश्यक कागजपत्र, ह्याण्डबुक, लेखन सामग्री, फ्लिप चार्ट, रजिस्ट्रेसन फारम आदि तयार गर्ने।
- प्राविधिक तयारीः प्रोजेक्टर, ध्वनि प्रणाली, बोर्ड/मार्कर, न्यूज प्रिन्टको सुनिश्चितता गर्ने।
- खाना/खाजाको व्यवस्था गर्दा सफा र पोषणयूक्त व्यवस्था गर्ने ।

## ७. अपेक्षित नतिजाहरू

- सहभागीहरूले नेपाली साँकेतिक भाषाको आधारभूत प्रयोग गर्न सक्ने।
- परिवारका बहिरा सदस्यहरूसँग सरल संवाद गर्न सक्षम हुने ।
- सहभागीहरूले समुदायमा सकारात्मक सन्देश प्रवाह गर्ने क्षमता हासिल गर्ने ।

## ८. मूल्यांकन र प्रमाणपत्र

- अन्तिम दिन सहभागीहरूको सिकायी मूल्यांकन,
- सहभागिता र अभ्यासको आधारमा प्रमाणपत्र वितरण ।

## बालबालिका सँग सम्बन्धीत कार्यक्रम

१.कार्यक्रको नामः बालश्रम मुक्त स्थानीय तह घोषणा कार्यविधि अभिमुखिकरण (स्थानीय तहमा)

२. पृष्ठभूमिः

नेपालले बालश्रम अन्त्य गर्ने प्रतिबद्धता जनाएको छ र यसै अनुरूप "बालश्रम मुक्त स्थानीय तह घोषणा कार्यविधि २०७७" तयार गरिएको छ। यस कार्यविधिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सरोकारवाला निकायहरू माझ साझा बुझाइ कायम गर्न र यस अभियानलाई सफल बनाउन छलफल तथा अभिमुखिकरण कार्यक्रम सान्दर्भिक हुन्छ ।

३. उद्देश्यहरूः

- स्थानीयस्तरमा बालश्रम अन्त्य गर्ने अभियानलाई प्रवर्द्धन गर्नु ।
- बालश्रम मुक्त स्थानीय तह घोषणा कार्यविधिको अवधारणा र प्रक्रिया बुझाउनु ।
- सहभागीहरूलाई कार्यविधिको कार्यान्वयनमा उनीहरूको भूमिका र जिम्मेवारीबारे स्पष्ट जानकारी गराउनु ।
- स्थानीय सरकार तथा सरोकारवाला निकायबीच समन्वय सुदृढ गराउनु।

४. तालिमको गुणस्तर

<u>तालिम अवधि र समयः</u>

अभिमुखिकरण कार्यक्रमको समयावधिः १ दिन (विहान १० बजे देखि अपरान्ह ३ बजे सम्म)

समयः ५ घण्टा

<u>प्रमुख गतिविधिहरूः</u>

- उद्घाटन सत्र
- बालश्रम मुक्त स्थानीय तह घोषणा कार्यविधि २०७७ बारे प्रस्तुतिकरण,
- बालश्रमको अवस्थाको मूल्याङ्कन, चुनौती र सम्भावना बारे प्रस्तुतिकरण,
- खुला छलफल तथा स्थानीय तहको अनुभव आदानप्रदान,
- कार्ययोजना निर्माण,

- समापन सत्र ।

कार्यक्रमका सहभागीहरू

- स्थानीय सरकारका प्रतिनिधिहरू र कर्मचारीहरू
- बाल क्लब प्रतिनिधि
- NGOs/INGOs प्रतिनिधि
- नागरिक समाज
- शिक्षक प्रतिनिधि
- सञ्चारकर्मीहरू
- अन्य सरोकारवाला

व्यवस्थापकीय गुणस्तर

- तालिम स्थानको छनौटः आवश्यक सुविधा सहितको तालिम हलको व्यवस्था (पंखा, बत्ती/बैकअप, पिउने पानी, खाजा, खाना आदि)
- सूचना सम्प्रेषणः समयमै जानकारी दिने (आमन्त्रण पत्र/फोन/इमेल), स्पष्ट समय र स्थान उल्लेख।
- आवश्यक सामाग्रीः आवश्यक कागजपत्र, ह्याण्डबुक, लेखन सामग्री, फ्लिप चार्ट, रजिस्ट्रेसन फारम आदि तयार गर्ने।
- प्राविधिक तयारीः प्रोजेक्टर, ध्वनि प्रणाली, बोर्ड/मार्कर, न्यूज प्रिन्टको सुनिश्चितता गर्ने।
- खाना/खाजाको व्यवस्था गर्दा सफा र पोषणयूक्त व्यवस्था गर्ने ।

सम्भावित प्रस्तुतकर्ता

- स्थानिय तहमा कार्यरत कर्मचारी
- कानुन विद वा बाल अधिकार कर्मी
- सम्बन्धित विषय विज्ञ

आवश्यक जनशक्ति

- कार्यक्रम सयोजक १ जना
- सहयोगी कर्मचारी १ जना

- कार्यपत्र प्रस्तुकर्ता २ जना
- प्रतिवेदक १ जना

**५.अपेक्षित परिणामहरू:**

- सहभागीहरूमा कार्यविधिको प्रवधान बारे स्पष्ट ज्ञान हुनेछ।
- बालश्रम अन्त्य गर्न ठोस कार्ययोजना तयार हुनेछ ।
- कार्यविधिको कार्यान्वयनमा सरोकारवाला निकायहरू बीच सहकार्यमा वृद्धि हुनेछ।

नोटः सम्बन्धित संस्थाले स्थानीय तहको समन्वयमा कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

## बालबालिका/ किशोरीहरू संग सम्बन्धित कार्यक्रम

१. कार्यक्रमको नामः महिला तथा बालबालिकाको संरक्षणका लागि अनलाइन सुरक्षा (साइवर क्राईम) सम्बन्धी १ दिने अभिमुखिकरण (स्थानिय तहमा)

२. पृष्ठभूमि

अहिलेको सूचना प्रविधिको युगमा महिलाहरू तथा किशोरीहरू विभिन्न प्रकारका साइबर अपराधको जोखिममा छन्। यस्तो अवस्थामा उनीहरूलाई अनलाइन सुरक्षाका उपाय, जोखिमको पहिचान, तथा समाधानका उपायहरूबारे जानकारी दिनु आवश्यक हुन्छ। जसले उनिहरूलाई सचेत, सुरक्षित र अधिकारप्रति सजग बनाउन सहयोग पुगोस।

३. तालिमको आवश्यक्ता

डिजिटल पहुँचको विस्तारसँगै जोखिम पनि बढ्दो छ । स्मार्टफोन, इन्टरनेट, सामाजिक सञ्जाल आदिको बढदो प्रयोग सँगै डिजिटल सुरक्षा र साइबर अपराधबारे सचेतना अभिवृद्धि गराउनु पनि आवश्यक हुन्छ। बालबालिका र किशोरकिशोरीहरुमा साईबर क्राईम सम्बन्धी कानुनी जानकारीको अभाव छ। अधिकांश पीडितहरूलाई साइबर अपराधबारे कानुनी प्रावधान, उजुरी प्रक्रिया वा सहयोगि निकायहरूको बारे जानकारी हुँदैन। यस्तो अवस्थामा यसलाई रोक्न सचेतना मूलक तालिम कार्यक्रम अपरिहार्य हुन्छ।

४. तालिमको उद्देश्य

- अनलाइन सुरक्षाबारे आधारभूत जानकारी प्रदान गर्नु ।
- साइबरक्राइमका प्रकारहरू र त्यसबाट बच्ने उपायहरू सिकाउनु ।
- साइबर हिंसाको कानुनी प्रक्रिया तथा सहयोगि निकायहरू बारे जानकारी दिनु ।
- किशोरीहरूमाथी सामाजिक सञ्जाल मार्फत हुन सक्ने सम्भावित हिंसाको जोखिम घटाउनु ।
- सामाजिक सञ्जालको सुरक्षित र उचित प्रयोगबारे अवगत गराउनु ।

५. तालिमको गुणस्तर

तालिमका प्रमुख विषयवस्तुहरू:

**अभिमुखिकरण तालिम कार्यक्रमका मुख्य विषयवस्तुहरूः**

- साइबरक्राइम के हो?
- सामाजिक सञ्जालको सुरक्षित प्रयोग कसरी गर्ने,
- अनलाइन उत्पीडन, डिजिटल गोपनीयता, पासवर्ड सुरक्षा र साइबर हिंसाबाट जोगिने उपाय,
- साइबरक्राइमका प्रकारहरू जस्तै ह्याकिङ्ग, साईवर बुलिङ्ग, डाटा चोरी, अनलाईन शोषण र उत्पीडन जस्ता विषयबारे जानकारी र बच्ने उपाय,
- सामाजिक सञ्जाल र डिजिटल उपकरणको सुरक्षित प्रयोगबारे ज्ञान,
- साइबर अपराध सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी प्रावधानहरू, उजुरी प्रक्रिया, र सरकारी संयन्त्रहरूको जानकारी।

**समयवधी र स्थान**

समय: १ दिने कार्यक्रम (विहान १० देखी अपरान्ह ३ बजे सम्म)

स्थान: साइवर क्राइमको बढी जोखिम उन्मुख बालिका/किशोरीहरू (विशेष गरी कक्षा ८ देखि १२ सम्मका छात्राहरू) प्रति कार्यक्रम ४० जनालाई समेटने गरी स्थानिय स्तरमा अभिमुखिकरण तालिम सञ्चालन गर्नु पर्नेछ ।

**आवश्यक जनशक्ति**

१. कार्यक्रम सयोजक १ जना
२. सहयोगी कर्मचारी १ जना
३. प्रशिक्षक २ जना
४. प्रतिवेदक १ जना

सहभागि छनौटः

- साईवर काईमका जोखिम उन्मुख किशोरीहरू,
- विशेषत स्थानीय विद्यालयमा अध्ययनरत कक्षा ८ देखि १२ सम्मका छात्राहरू ।

प्रशिक्षक छनौटका आधारः

शैक्षिक योग्यताः

- कम्तिमा सूचना प्रविधि, साइबर सुरक्षा, कानुन, लैङ्गिक अध्ययन वा सामाजिक कार्य (Social Work) मा स्नातक वा सो सरहको शैक्षिक योग्यता।
- सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि प्राप्त प्रशिक्षकलाई प्राथमिकता दिने।

व्यावसायिक अनुभवः

- साइबर सुरक्षा वा बाल तथा लैङ्गिक हिंसा निवारण सम्बन्धि क्षेत्रमा कम्तीमा ३ वर्षको कार्य अनुभव।
- समुदायमा आधारित तालिम तथा अभिमुखिकरण सत्र सञ्चालन गरेको अनुभव।

ज्ञान र सीपः

- सहभागीको उमेर, लिंग, सामाजिक पृष्ठभूमि अनुसार तालिम सामग्री सरल र प्रभावकारी तरिकाले प्रस्तुत गर्न सक्ने।
- अन्तरक्रियात्मक, सहभागीता मूलक र व्यवहारिक शैलीमा तालिम सञ्चालन गर्न सक्ने।
- स्थानीय भाषामा सहज रूपमा सूचना सम्प्रेषण गर्न सक्ने।
- महिला प्रशिक्षकलाई प्राथमिकता ।
- सामाजिक सञ्जाल र डिजिटल उपकरणको सुरक्षित प्रयोगबारे ज्ञान भएको।
- महिलामैत्री र बालमैत्री दृष्टिकोण र संवेदनशीलता भएको।

तालिम पूर्व तयारीको गुणस्तरः

- तालिमको अवधारणा तथा सत्र योजना तयार गर्नुपर्ने ।
- सहभागीहरूको पहिचान, छनोट तथा आमन्त्रण गर्नुपर्ने ।

मधेश प्रदेश सरकार
खेलकुद तथा समाज कल्याण मन्त्रालय
जनकपुरधाम धनुषा, नेपाल

- तालिम सामग्रीहरू (फ्लिप चार्ट, प्रोजेक्टर, ह्याण्डबुक आदि) विकास तथा व्यवस्थापन गर्नुपर्ने ।
- सहभागीताको मूल्यांकन तथा फिडब्याक संकलन फारम तयार गर्नुपर्ने ।

तालिम सञ्चालनको गुणस्तरः

- सहभागीहरूलाई सक्रिय बनाउने अभ्यास समूह, छलफल, केस स्टडी, रोल प्ले मार्फत तालिम सञ्चालन व्यवहारिक तथा सहभागीत्मक शैलीमा गर्नुपर्ने ।
- सहभागिहरूको भावनात्मक अवस्था बुझ्दै संवेदनशील ढंगले सन्देश दिने।
- सहभागी मैत्री, अभिव्यक्ति स्वतन्त्रता भएको वातावरण बनाउनु पर्ने।
- सहभागीको मूल्यांकन तथा फिडब्याक संकलन गर्नुपर्ने ।
- समय व्यवस्थापन गर्न सत्रहरू स्पष्ट रूपमा विभाजन र ब्रेक समय सुनिश्चित गर्नुपर्ने।

व्यवस्थापकीय गुणस्तरः

- तालिम स्थानको छनौटः आवस्यक सुविधा सहितको तालिम हलको व्यवस्था (पंखा, बत्ती/बैकअप, पिउने पानी, खाजा, खाना आदि)
- सूचना सम्प्रेषणः समयमै जानकारी दिने (आमन्त्रण पत्र/फोन/इमेल), स्पष्ट समय र स्थान उल्लेख।
- आवश्यक सामाग्रीः आवश्यक कागजपत्र, ह्याण्डबुक, लेखन सामग्री, फ्लिप चार्ट, रजिस्ट्रेसन फारम आदि तयार गर्ने।
- प्राविधिक तयारीः प्रोजेक्टर, ध्वनि प्रणाली, बोर्ड/मार्कर, न्यूज प्रिन्टको सुनिश्चितता गर्ने।
- खाना खाजाको व्यवस्था गर्दा सफा र पोषणयूक्त खानेकुराको व्यवस्था गर्ने ।

अपेक्षित परिणामहरू:

- सहभागीहरूमा अनलाइन जोखिमप्रति सचेतना अभिवृद्धि हुनेछ ।
- साइबर हिंसाबाट जोगिने व्यवहारिक सीप विकास हुनेछ ।
- आवश्यक परेमा कानुनी सहायता खोज्न सक्ने क्षमता विकास हुनेछ ।

मधेश प्रदेश सरकार
खेलकुद तथा समाज कल्याण मन्त्रालय
जनकपुरधाम धनुषा, नेपाल

# लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणको विषय सँग सम्बन्धित कार्यक्रम

१. **कार्यक्रमको नाम** :बालविवाह, दाइजो, छुवाछुत र महिला हिंसाविरुद्ध प्रदेशस्तरीय कार्यक्रम

२. पृष्ठभूमि (Background):

नेपालमा बालविवाह, दाइजो प्रथा, छुवाछुत र महिला हिंसा जस्ता सामाजिक कुरीतिहरू अझै कायम रहेका छन्। समाजमा असमानता, विभेद र हिंसाको जरो बनेको यस्ता कुरीतिहरूलाई न्यूनगर्न प्रभावकारी अभियान आवश्यक हुन्छ। यो कार्यक्रम सोही उद्देश्यले तयार पारिएको हो।

३. कार्यक्रमको आवश्यक्ता

नेपालमा अझै पनि बालविवाह, दाइजो प्रथा, छुवाछुत, र महिला हिंसा जस्ता सामाजिक कुरीतिहरू व्यापक रूपमा विद्यमान छन्। यस्ता कुप्रथाले विशेषगरी महिला, बालबालिका, दलित र पछाडि पारिएका समुदायलाई सीधा असर पारेको देखिन्छ। यसले शिक्षा, स्वास्थ्य, आर्थिक सशक्तिकरण र सामाजिक सहभागितामा समेत गम्भीर अवरोध पुऱ्याइरहेको छ। यसलाई नियूनिकरण गर्नका लागि यथोचित कानूनी व्यवस्थहरू भए पनि जनस्तरमा सचेतना र व्यवहार परिवर्तन नहुँदा कानूनको कार्यान्वयनमा चुनौतीहरू देखिएको छ। प्रदेशस्तरमा आयोजना गरिने खुला मञ्च, प्यानल छलफल, तथा सांस्कृतिक कार्यक्रमहरूले जनसन्देशलाई प्रभावकारी ढंगले फैलाउन मद्दत गर्छ।यस्ता कार्यक्रममा सरकारका प्रतिनीधि, नागरिक समाज, समुदाय र सञ्चारकर्मीहरू एकै ठाउँमा भेला हुने हुँदा, नीति र कार्यान्वयनको बीचको खाडल बुझन सकिन्छ र यस तर्फ सामूहिक प्रतिबद्धता सुनिश्चित गर्न सकिन्छ ।

४ कार्यक्रमको उद्देश्य .

- सामाजिक कुरीतिहरू विरुद्ध जनचेतना अभिवृद्धि गर्नु ।
- नीति निर्माताहरू, सरोकारवाला र समुदायबीच समन्वय र संवाद स्थापित गर्नु ।
- लैङ्गिक समानता, सामाजिक न्याय र मानव अधिकारप्रति प्रतिवद्धता व्यक्त गर्नु ।
- सामाजिक कुरीतिहरूबारे सार्वजनिक रूपमा सचेतना अभिवृद्धि गर्नु ।

- व्यवहार परिवर्तनका लागि प्रेरणा र प्रतिबद्धता सिर्जना गर्नु ।

कार्यक्रमका सहभागिहरू

- मधेश प्रदेश सरकारका मन्त्रीहरू,
- विषयगत प्रदेश सभा समितिका सदस्यहरू,
- स्थानीय तहका जनप्रतिनिधिहरू,
- मधेश प्रदेश मन्त्रालयका सचिवहरू, कर्मचारीहरू,
- महिला समूहका प्रतिनिधिहरू,
- किशोरी समूह, युवा समूह, बाल कल्बका सदस्यहरू,
- मानव अधिकारकर्मी, महिला अधिकार कर्मी, सञ्चारकर्मी, नागरिक समाजका सदस्यहरू,
- विभिन्न जातीय, लैङ्गिक, क्षेत्रीय समुदायका प्रतिनिधिहरू ।

आवश्यक जनशक्ति

१. कार्यक्रम सयोजक १ जना
२. उद्घोशक १ जना
३. प्रस्तुतकर्ता २ जना
४. मोडरेट १ जना
५. सहयोगी कर्मचारी २ जना
६. प्यनलिष्ट ५ जना
७. टिपोटकर्ता १ जना
८. प्रतिवेदक १ जना
९. कलाकारहरू आवश्यक्ता अनुसार

कार्यक्रम सञ्चालन स्थान र समय

स्थान :प्रदेश राजधानी जनकपुरधाम

- समयः १ दिने कार्यक्रम (विहान ८ बजे देखि बेलुकी ४.३० बजे सम्म)

<u>व्यवस्थापकीय गुणस्तरः</u>

- कार्यक्रम स्थलको छनौटः आवस्यक सुविधा सहितको सभा हलको व्यवस्था (AC वा पंखा, बत्ती/बैकअप, पिउने पानी, खाजा, खाना आदि)
- सूचना सम्प्रेषणः समयमै जानकारी (आमन्त्रण पत्र/फोन/इमेल), स्पष्ट समय र स्थान उल्लेख।
- आवश्यक सामाग्रीः आवश्यक सामाग्री जस्तै सहभागि स्टेश्नरी, कलाकार र काला प्रर्दशनका लागि आवश्यक सामाग्रीको व्यवस्था आदि तयार गर्ने।
- प्राविधिक तयारीः प्रोजेक्टर, ध्वनि प्रणाली, व्यानर, प्रतिवद्धताको लागि फ्लेकस प्रिन्टको सुनिश्चितता गर्ने।
- खाना खाजाः खाना खाजाको व्यवस्था गर्दा सफा र पोषणयूक्त खानेकुराको व्यवस्था गर्ने ।

५.अपेक्षित उपलब्धी

- सामाजिक कुरीति विरुद्ध सामूहिक प्रतिवद्धता घोषणा हुनेछ।
- कार्यक्रमको अन्त्यमा नीतिगत सिफारिस संकलन हुनेछ।
- मिडिया र सामाजिक सञ्जालमार्फत जनसन्देश प्रवाह हुनेछ।

१. कार्यक्रमको नाम :उद्यमशिलता तालिम लिएका सिमान्तकृत समुदायका महिलाहरूलाई आय आर्जन सम्बन्धी सीपमूलक तालिम (वस्तुगत टेवा सहित) १० दिने तालिम (२० जना प्रति तालिम)

२. पृष्ठभूमी :

वर्तमान समयमा महिलाहरूको आर्थिक, सामाजिक तथा व्यक्तिगत सशक्तीकरणका लागि स्वरोजगार तथा सिपमूलक तालिमहरू अत्यन्त आवश्यक भएका छन्। नेपालको सामाजिक संरचनाभित्र महिलाहरू पारिवारिक जिम्मेवारीसँगै घरमै बसेर केही आयमूलक गतिविधि गर्न चाहन्छन्। यसै सन्दर्भमा, हस्तनिर्मित क्रिस्टलका माला, चुरा तथा सजावटका सामग्रीहरू निर्माण तालिमले महिलाहरूलाई सृजनशील बनाउँदै घरमै बसेर आम्दानी गर्न सक्ने अवसर प्रदान गर्नेछ ।

बजारमा यस्ता उत्पादनहरू प्रति उपभोक्ताको आकर्षण बढ्दो छ । यस्ता सामग्रीको निर्माण कार्य सीपमूलक हुने, प्रारम्भिक लगानी न्यून हुने र कच्चा पदार्थ स्थानीय बजारमा सजिलै किन्न सकिने भएकाले महिलाहरूका लागि यो उपयुक्त आयश्रोतको माध्यम बन्न सक्नेछ ।

३. तालिमको आवश्यकता:

**स्वरोजगार र आय आर्जनको अवसरः** धेरै महिलाहरू बेरोजगार छन् वा सीमित आम्दानीमा आश्रित छन् तसर्थ सिपमूलक तालिमले उनीहरूलाई घरमै बसेर उत्पादन गर्न र आम्दानी बढाउन सक्षम बनाउने छ। क्रिस्टल माला, चुरा, र हस्तकला सामग्रीहरू सांस्कृतिक तथा फेसनका दृष्टिले लोकप्रिय छन् र बजारमा यसको माग बढ्दो छ, तर गुणस्तरीय र घरेलु उत्पादनको उपलब्धता सीमित छ ।

**महिलाको सशक्तीकरणः** सीप र आर्थिक स्वतन्त्रताले महिलाको सामाजिक प्रतिष्ठा र निर्णय क्षमतामा वृद्धि ल्याउने छ र समूहगत रूपमा काम गरेमा सहकार्य र नेतृत्व विकास हुनेछ ।

**स्थानीय स्रोतको उपयोगः** यस प्रकारका उत्पादनका लागि आवश्यक अधिकांश सामग्रीहरू स्थानीय बजारमा सहजै उपलब्ध हुन्छन् र न्यूनतम लगानीमा घरबाटै व्यवसाय थाल्न सक्ने हुँदा आर्थिक पहुँचको दृष्टिले पनि उपयुक्त देखिन्छन् ।

**रोजगारी सिर्जना र उद्यम प्रवर्द्धनः** महिलाले सिप सिकेपछि अरूलाई पनि तालिम दिन सक्ने वा साना उत्पादन समूह खोल्न सक्ने सम्भावना हुन्छ र यसले समुदायमा साना उद्यमहरूको विकासमा सहयोग पुग्न सक्छ ।

४. उद्देश्य

- महिलाहरूलाई आत्मनिर्भर बनाउनु,
- घरेलु उत्पादनको प्रवर्द्धन गर्नु,
- सीप र उद्यमशिलता विकास गर्नु,
- स्थानीय स्रोतको सदुपयोग गर्नु,
- बजार पहुँचमा सहजता ल्याउनु,
- सामूहिक उत्पादन र सहकार्य प्रवर्द्धन गर्नु,
- रोजगार सृजना र आयवृद्धि गर्नु,

५. लक्षित समूहः

- १८ वर्षभन्दा माथिका महिला/किशोरीहरू,
- उद्यमशीलता तालिम प्राप्त महिलाहरू,
- विपन्न, एकल, वा स्वरोजगार बन्न चाहने महिलाहरूलाई प्राथमिकता ।

६. तालिमको गुणस्तर

<u>तालिम अवधि र समयः</u>

कुल अवधिः १० दिन

दैनिक समयः ५ घण्टा

<u>तालिमको विषयवस्तुः</u>

- क्रिस्टल र पोते परिचय
- डिजाइन तथा रङ संयोजन सीप
- माला, चुरा, झुम्का, तथा अन्य सजावटका सामग्री निर्माण

- गुणस्तर नियन्त्रण र उत्पादन प्रक्रिया
- प्याकेजिङ्ग, बजार पहुँच र मूल्य निर्धारण

आवश्यक सामग्री र उपकरणहरू:

- क्रिस्टल, पोते, सियो, धागो र आवश्यक औजार/ उपकरण
- तालिम स्थल, डेमो सामग्री, टेबल/कुर्सी, प्रकाश व्यवस्था

प्रशिक्षकको योग्यताः

१. शैक्षिक योग्यता १२ कक्षा उर्तिण वा सो सरह,
२. सम्बन्धित विषयमा तालिम दिने अनुभव न्यूनतम ३ वर्षको रहेको,
३. स्थानीय भाषामा प्रभावकारी संवाद गर्न सक्ने,
४. महिलामैत्री व्यवहार र सिकाउने शैली,
५. महिला प्रशिक्षकलाई प्राथमिक्ता ।

तालिम सञ्चालनको गुणस्तरः

- व्यवहारिक तथा सहभागीत्मक शैलीमा तालिम सञ्चालन गर्ने ।
- अभ्यासमा बढी जोड दिने ।
- सहभागिहरूको भावनात्मक अवस्था बुझ्दै संवेदनशील ढंगले सन्देश दिने ।
- सहभागी मैत्री, अभिव्यक्ति स्वतन्त्रता भएको वातावरण बनाउने ।
- सहभागीताको मूल्यांकन तथा फिडब्याक संकलन गर्ने ।
- समय व्यवस्थापन गर्न सत्रहरू स्पष्ट रूपमा विभाजन र ब्रेक समय सुनिश्चित गर्ने।

व्यवस्थापकीय गुणस्तरः

- तालिम स्थानको छनौटः सुविधा सहितको तालिम हलको व्यवस्था (पंखा, बत्ती/बैकअप, पिउने पानी, खाजा, खाना आदि)
- आवश्यक सामाग्रीः तालिममा सीपको अभ्यास गर्न आवश्यक तालिम सामाग्रीको सुनिश्चितता गर्ने ।

- खाना/खाजाः खाना खाजाको व्यवस्था गर्दा सफा र पोषणयूक्त खानेकुराको व्यवस्था गर्ने ।

१०. वस्तुगत टेवा प्रदान गर्ने शर्तहरूः

तालिमका सहभागिहरूको सहभागितामा कृष्टलको सामाग्री उत्पादन व्यवसाय सुरू गर्न आवश्यक कच्चा पदार्थ र औजारहरूको सूचि सहितको व्यावसायिक योजना तालिम अवधी भित्रै तयार गरी सर्व सहमतीबाट निर्णय गर्नुपर्ने छ ।

सहभागिले उपरोक्त सूचि अनुसारको सामाग्री खरीद गरी आयोजक संस्थालाई विल सहित भुक्तानीको लागि माग गरे पछि वस्तुगत सहायता टेवा रू ३००० (प्रति सहभागी) मा नबढने गरी व्यवस्थापक संस्थाले सहभागिहरूको बैंक खातामा जम्मा गर्नुपर्ने ।

## यौनिक तथा लैंगिक अल्पसंख्यक सँग सम्बन्धीत कार्यक्रम

१. कार्यक्रमको नामः यौनिक तथा लैंगिक अल्पसंख्यकका सवाल सम्बन्धी जनचेतना तथा वकालत कार्यक्रम

२. पृष्ठभूमी

यौनिक तथा लैंगिक अल्पसंख्यकको अधिकारले समलिंगी, तेस्रोलिंगी, ट्रान्सजेन्डर, इन्टरसेक्स, तथा अन्य यौनिक तथा लैंगिक विविधता भएका व्यक्तिहरूले समाजमा समान अवसर, सम्मान र सुरक्षासहित बाँच्न पाउने हकलाई जनाउँछ । यी अधिकारहरू मानव अधिकारकै अविभाज्य अङ्ग हुन् र यिनै अधिकारहरूको सुनिश्चतता यौनिक तथा लैंगिक अल्पसंख्यकहरूको अहिलेका मुख्य सवालहरू हुन । यसको प्राप्तिकोलागि अन्तरकृया, समान बुझाई, समान दृष्टिकोण र पैरवीको आवश्यक्ता पर्दछ ।

३. कार्यक्रमको आवश्यक्ता

यौनिक तथा लैंगिक अल्पसंख्यकका सवाल सम्बन्धी जनचेतना तथा वकालत कार्यक्रमको आवश्यकता अहिलेको सामाजिक परिवेशमा अत्यन्त महत्वपूर्ण छ। नेपाल जस्तो देशमा कानुनी रूपमा कतिपय अधिकारहरू सुनिश्चित गरिए पनि व्यवहारिक जीवनमा यौनिक तथा लैंगिक अल्पसंख्यक (LGBTIQ+) समुदायले अझै पनि विभेद, हिंसा, अपहेलना, र सामाजिक बहिष्कारको सामना गरी रहेका छन्।

<u>कार्यक्रमको आवश्यक्ता</u>

- पूर्वाग्रह र गलत धारणा हटाउन,
- मानव अधिकारको संरक्षण गर्न,
- कानुनी व्यवस्थाबारे जानकारी गराउन,
- सामाजिक समावेशिता प्रवर्द्धन गर्न ।

<u>तालिमको किसिमः</u> यो एक दिने सचेतना मूलक अन्तरकृयात्मक तालिम कार्यक्रम हुनेछ ।

४. तालिमको गुण्स्तर

समयावधी र स्थान

- <u>समयः</u> १ दिने कार्यक्रम (विहान १० देखी दिउँसो ३ बजे सम्म)
- <u>स्थानः</u> प्रति कार्यक्रम ४० जनाको दरले सहभागि छनौट गर्नुपर्ने छ ।स्थान छनौट गर्दा पहुँच योग्यता र भौतिक सुविधा सुनिश्चित गर्नुपर्ने छ ।

आवश्यक जनशक्ति

- कार्यक्रम सयोजक १ जना
- सहयोगी कर्मचारी १ जना
- प्रस्तुत कर्ता ३ जना
- प्रतिवेदक १ जना

<u>सहभागि छनौटः</u>

- यौनिक तथा लैंगिक अल्पसंख्यक व्यक्तिहरु
- सञ्चारकर्मी, अधिकारकर्मी र अन्य सरोकारवाला

समयावधीः १ दिने अन्तरक्रिया कार्यक्रम ( बिहान १० बजे देखि दिउँसो ३ बजे सम्म )

<u>कार्यक्रम सञ्चालन विधी</u>

कार्यक्रममा देहायका विषयवस्तुहरूमा केन्द्रित भएर ३ वटा प्रस्तुतिकरण गर्नुपर्नेः

- यौनिक तथा लैंगिक अल्पसंख्यकः परिचय,
- यौनिक तथा लैंगिक अल्पसंख्यक प्रतिको सामाजिक दृष्टिकोण र मिथकहरू,
- अधिकार-आधारित दृष्टिकोण (Rights-based approach),
- परिवार र समुदायमा सहारात्मक सोच विकास,
- सामाजिक समावेशीकरण र व्यवहार परिवर्तनका उपायहरू,
- संचार कौशल र अभिभावकको भूमिकाको सशक्तीकरण,

• मौजुदा कानुनी व्यवस्था र आगामि दिसको लागि नीति सुझाव .

<u>प्रस्तुतिककरण माथि खुला छलफल</u>

सहभागितात्मक शैलीमा प्रस्तुतिकरणमा केन्द्रित भएर छलफल

<u>प्रस्तुतकर्ताको छनौट</u>

- यौनिक तथा लैंगिक अल्पसंख्यकको हक अधिकारको पैरवीमा सकृय व्यक्ति,
- कानूनी विषयमा जानकार विज्ञ वा अधिवक्ता,
- यौनिक तथा लैंगिक अल्पसंख्यकको क्षेत्र सँग सम्बन्धी संस्थाका सञ्चालक वा नागरीक समाजका अगुवा व्यक्ति ।

<u>व्यवस्थापकीय गुणस्तरः</u>

- तालिम स्थानको छनौटः आवश्यक सुविधा सहितको तालिम हलको व्यवस्था (पंखा, बत्ती/बैकअप, पिउने पानी, खाजा, खाना आदि)
- सूचना सम्प्रेषणः समयमै जानकारी दिने (आमन्त्रण पत्र/फोन/इमेल), स्पष्ट समय र स्थान उल्लेख।
- आवश्यक सामाग्रीः आवश्यक कागजपत्र, लेखन सामग्री, फ्लिप चार्ट, रजिस्ट्रेसन फारम आदि तयार गर्ने।
- प्राविधिक तयारीः प्रोजेक्टर, ध्वनि प्रणाली, बोर्ड/मार्कर, न्यूज प्रिन्टको सुनिश्चितता गर्ने।
- खाना खाजाको व्यवस्था गर्दा सफा र पोषणयूक्त खानेकुराको व्यवस्था गर्ने ।

५. अपेक्षित उपलब्धि

१. यौनिक तथा लैंगिक अल्पसंख्यक (LGBTIQ+) को सवालमा सामाजिक चेतनामा अभिवृद्धि भएको हुनेछ,
२. भेदभाव र हिंसाविरुद्धको समझदारी विस्तार र मानवअधिकारको संरक्षणमा योगदान पुर्याएको हुनेछ,
३. यौनिक तथा लैंगिक अल्पसंख्यक (LGBTIQ+) सम्बन्धित नीति निर्माणमा आवश्यक पृष्ठपोषण प्राप्त भएको हुनेछ,

४. यौनिक तथा लैंगिक अल्पसंख्यक (LGBTIQ+) को सवालमा साझा बुझाईका साथै सहभागिता र सशक्तिकरणमा टेवा पुगेको हुनेछ,

५. संस्थागत समावेशिता प्रवर्द्धनका साथै सञ्जालिकरण  र सहकार्य विस्तार भएको हुनेछ ।

६. यौनिक तथा लैंगिक अल्पसंख्यक प्रतिको धारणा र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुनेछ ।

७. सामाजिक समावेशी अभ्यासमा अभिभावकको सहभागिता वृद्धि भएको हुनेछ ।

८. यौनिक तथा लैंगिक अल्पसंख्यक भएका व्यक्तिहरु प्रति सम्मानपूर्ण व्यवहारमा वृद्धि भएको हुनेछ ।

## ज्येष्ठ नागरीक सँग सम्बन्धित कार्यक्रम

१.कार्यक्रमको नामः जिल्ला ज्येष्ठ नागरिक संघको अन्तरक्रिया कार्यक्रम (४०जना)

२. पृष्ठभूमी

ज्येष्ठ नागरिकहरूको हक अधिकार, सेवा, सुरक्षा, र सामाजिक समावेशीता लगायतका विषयमा विभिन्न राष्ट्रिय तथा स्थानीय तहमा कार्यक्रमहरू सञ्चालन हुने गर्दछ । यसै क्रममा ज्येष्ठ नागरिकहरूको लागि खेलकुद तथा समाज कल्याण मन्त्रालयले आ.व. २०८१/०८२ को बार्षिक कार्यक्रममा जिल्ला ज्येष्ठ नागरिक संघको अन्तरक्रिया कार्यक्रम जिल्ला ज्येष्ठ नागरिक संघकै अगुवाईमा सञ्चालन गर्ने गरी व्यवस्था गरेको छ ।

३. उद्देश्यहरूः

- ज्येष्ठ नागरिकहरूको आवाज सुन्नु, उनीहरूको जीवनस्तर सुधारमा आवश्यक पहलहरू पहिचान गर्नु र नीतिगत संवाद अघि बढाउनु ।
- ज्येष्ठ नागरिकहरूको वर्तमान अवस्था, चुनौती र अपेक्षाबारे जानकारी प्राप्त गर्नु ।
- सरकारी नीति, कार्यक्रम तथा सेवाहरूको जानकारी दिनु र त्यसमा पहुँचबारे छलफल गर्नु ।
- स्थानीय तह, सरोकारवाला निकाय र ज्येष्ठ नागरिकबीच सहकार्य सुदृढ गर्नु ।

४. कार्यक्रमको गुणस्तर

कार्यक्रमका प्रमुख विषयहरू

- सामाजिक सुरक्षा भत्ता र सेवा सुविधा,
- स्वास्थ्य सेवा पहुँच,
- ज्येष्ठ नागरिक मैत्री वातावरण,
- अनुभव सञ्जाल र सामाजिक सहभागिता,
- ज्येष्ठ नागरिक सम्बन्धीत कानून र अधिकार बारे जानकारी,
- स्थानीय सरकारसँग सहकार्यका सम्भावना ।

सहभागीहरू

- जिल्ला ज्येष्ठ नागरिक संघका सदस्यहरू

- जिल्ला तथा स्थानीय तहका जनप्रतिनिधिहरू
- NGOs/INGOs का प्रतिनिधिहरू
- पत्रकार तथा सञ्चारकर्मी
- अन्य सरोकारवाला संस्था

<u>कार्यक्रम अवधिः</u>

- १ दिने अन्तरक्रिया कार्यक्रम (बिहान १० बजे देखि दिउँसो ३ बजे सम्म जम्मा ५ घण्टा)

<u>कार्यक्रमका मुख्य गतिविधिहरू</u>

- उद्घाटन सत्र
- कार्यपत्र प्रस्तुति
- समूहगत छलफल
- सवाल-जवाफ
- सुझाव संकलन
- समापन सत्र

<u>प्रस्तुतकर्ताको छनौट</u>

- ज्येष्ठ नागरिक संघका सदस्यहरू वा ज्येष्ठ नागरिकको अधिकारको पैरवीमा सकृय व्यक्ति,
- कानूनी विषयमा जानकार विज्ञ वा अधिवक्ता,
- ज्येष्ठ नागरिक क्षेत्र सँग सम्बन्धी संस्थाका सञ्चालक वा नागरीक समाजका अगुवा व्यक्ति,

<u>व्यवस्थापकीय गुणस्तरः</u>

- तालिम स्थानको छनौटः आवश्यक सुविधा सहितको तालिम हलको व्यवस्था (पंखा, बत्ती/बैकअप, पिउने पानी, खाजा, खाना आदि)
- सूचना सम्प्रेषणः समयमै जानकारी दिने (आमन्त्रण पत्र/फोन/इमेल), स्पष्ट समय र स्थान उल्लेख।
- आवश्यक सामाग्रीः आवश्यक कागजपत्र, लेखन सामग्री, फ्लिप चार्ट, रजिस्ट्रेसन फारम आदि तयार गर्ने।

- प्राविधिक तयारीः प्रोजेक्टर, ध्वनि प्रणाली, बोर्ड/मार्कर, न्यूज प्रिन्टको सुनिश्चितता गर्ने।
- खाना खाजाको व्यवस्था गर्दा सफा र पोषणयुक्त खानेकुराको व्यवस्था गर्ने ।

५. अपेक्षित उपलब्धि

- ज्येष्ठ नागरिकहरूको सरोकार र सुझाव संकलन हुनेछ ।
- सम्बन्धित निकायहरूबाट प्रतिबद्धता प्राप्त हुनेछ ।
- आगामी कार्य योजना निर्माणमा सहयोग हुनेछ ।
- नीतिगत सुधारको लागि सुझावहरूको आधार तयार हुनेछ ।

१. कार्यक्रमको शीर्षकः ज्येष्ठ नागरिक अन्तर प्रदेश धार्मिक स्थल भ्रमण (तीर्थाटन) कार्यक्रम (२० जना)

२. पृष्ठभूमिः

ज्येष्ठ नागरिकहरूको लागि धार्मिक स्थलको भ्रमण (तर्थाटन) केवल आध्यात्मिक तवरबाट मात्र होइन, मानसिक र शारीरिक स्वास्थ्यको दृष्टिले पनि निकै महत्वपूर्ण मानिन्छ । ज्येष्ठ नागरिकहरूको लागि धार्मिक स्थलको भ्रमण केवल आध्यात्मिक लाभ मात्र होइन, जीवनशैली सुधार, मानसिक स्वास्थ्य लाभ र सामाजिक एकता कायम राख्ने प्रभावकारी माध्यम पनि हो। यस्तो यात्रा जीवनको उत्तरार्धमा आन्तरिक सन्तोष र शान्ति प्राप्त गर्न विशेष उपयोगी बन्न सक्छ ।

३. कार्यक्रमको उद्देश्यहरूः

- धार्मिक महत्वका स्थलहरूको दर्शन/ अवलोकन गराउनु,
- ज्येष्ठ नागरिकप्रति सम्मान प्रकट गर्दै उनीहरूको आवश्यक्ताको सम्बोधन गर्नु,
- ज्येष्ठ नागरिकहरूको समाजिक आवश्यक्तालाई मध्यनजर गर्दै समाजमा घुलमिल हुन प्रेरित गराउनु र नयाँ अनुभव दिनु,
- आन्तरिक पर्यटनको प्रवर्द्धन गराउनु ।

४.कार्यक्रमको गुणस्तर

कार्यक्रमका गतिविधिहरूः

- यात्राको पूर्वतयारी बैठक (भ्रमण योजना तय गर्ने, स्वास्थ्य परीक्षण, मार्गदर्शन),
- धार्मिक स्थलहरूको भ्रमण,
- समूहगत ध्यान/भजन/धार्मिक अभ्यास,
- अनुभव आदानप्रदान समापन तथा सम्मान ।

लक्षित सहभागीहरूः

- जिल्ला ज्येष्ठ नागरिक संघको समन्वयमा छनौट गरिएका ज्येष्ठ नागरिक (उमेर ६५ वर्ष माथि),
- असहाय, एकल, शारीरिक रूपमा हिडडुल गर्न सक्षम ज्येष्ठ नागरिकलाई प्राथमिकता,
- समावेशी र सहभागिता मूलक प्रतिनिधित्व ।

आवश्यक पूर्वतयारीहरू:

- स्वास्थ्य परीक्षण,
- आवास, खाना, आवागमनको व्यवस्था,
- प्राथमिक उपचारको व्यवस्था,
- भ्रमण गरीने धार्मिक स्थलहरूको छनौट,
- जिल्ला ज्येष्ठ नागरिक संघ र स्थानीय तहसँग समन्वय,
- यात्राको व्यवस्थापन टोलि गठन (भ्रमण संयोजक, सहयोगि, स्वास्थ्य प्रतिनिधि आदि),
- आरामदायी सिट यूक्त सवारी साधनको छनौट ।

५. अपेक्षित उपलब्धि:

- सहभागी ज्येष्ठ नागरिकहरूमा आत्मिक सन्तोष र मानसिक सन्तुष्टिमा वृद्धि,
- सामाजिक समावेशी भावना र आपसी सम्बन्धमा सुधार,
- धार्मिक र सांस्कृतिक स्थालको अवलोकन मार्फत, परम्परा र संस्कृतिलाई नियाल्ने अवसरको सृजना ।

९. समापन र मूल्याङ्कन:

भ्रमणपछि सहभागीहरूबाट मौखिक/लिखित पृष्ठपोषण संकलन र सुझाव सहितको प्रतिवेदन तयार।